## <u>शर्तहरु</u>

(१) सिलबन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति:- २०८२/०३/३२ गते अपरान्ह १२.०० वजे सम्म ।

(२) सिलबन्दी दरभाउ पत्र वुझाउने अन्तिम मिति र समय :- २०८२/०३/३२ गते अपरान्ह १२.०० वजे सम्म ।

(३) सिलबन्दी दरभाउ पत्र खोलिने मिति र समय:- २०८२/०३/३२ दिउँसो १.०० वजे ।

(४) खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोहि समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ । सिलबन्दी दरभाउ पत्र खरिद तथा पेश गर्न दरभाउ पत्रदाता फर्म,कम्पनी विज्ञापन एजेन्जीको प्रोपाइटर स्वयं उपस्थित हुनुपर्नेछ तर आफै उपस्थित हुन नसक्ने भएमा आधिकारीक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सकिनेछ । तर सिलबन्दी दरभाउ पत्र वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

(५) E-GP मार्फत सिलबन्दी दरभाउपत्र खरिद गर्दा यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक,फर्पिङ्ग शाखामा रहेको खाता नं.१२००१००३०१०१०००२ मा **<u>sutrarevenue.fcgo.gov.np</u>** मा खोली आफ्नो **ID Create** गरी राजश्व भुक्तानीमा गई अन्य प्रशासनीक सेवा शुल्क शीर्षक छनौट गरि रसिद प्रिन्ट गरि बैंक दाखिला गर्न सकिनेछ तथा सिलबन्दी दरभाउपत्र दस्तुर **<u>connect IPS</u>** बाट सोझै जम्मा गर्न पनि सकिनेछ ।

(६) सिलबन्दी दरभाउ पत्र फारम साथ धरौटी वापत रकम रु.४५,०००/-(अक्षरुपी रु.पैंत्तालिस हजार मात्र ) यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ शाखाको धरौटी खाता नं. १२००१००३०३००००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा ९० दिन म्याद भएको नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकको सिलबन्दी दरभाउ पत्र जमानत पेश गर्नुपर्नेछ ।

(७) आफुले कबोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा जुन अंक वा अक्षर कम छ सोही रकमलाई मान्यता दिइनेछ ।

(८) E -Bid गर्दा कुनै प्रकारको शर्त मान्य हुनेछैन ।

(९) सम्झौताको अवधि स्वीकृत भइ सम्झौता भएको मितिदेखि २०८३ असार मसान्तसम्म रहनेछ ।

(१०) सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसँग सम्झौता गरिसक्नु पर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा सिलबन्दी दरभाउ पत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ ।

(११) म्याद नाघी वा रित नपुगी प्राप्त भएको सिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन । कालो सूचीमा परेको फर्म,कम्पनी तथा विज्ञापन एजेन्सीहरुको सिलबन्दी दरभाउ पत्र स्वीकृत गरिने छैन ।

(१२) कुनै कारण जनाई वा नजनाई सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

(१३) यस सूचनामा भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा सार्वजनिक खरिद ऐन,२०६३(संशोधन सहित) सार्वजनिक खरिद नियमावली,२०६४ तथा प्रचलित कानून अनुसार हुनेछ ।

(१४) चालु आ.व.२०८२/०८३ मा एकद्धार प्रणाली मार्फत काठमाण्डौबाट प्रकाशन हुने 'क' वर्गको राष्ट्रिय दैनिक पत्रिकाको भित्री पुष्ठ सादामा प्रकाशन हुने सूचनाको न्यूनतम दररेटमा सूचना प्रकाशित गर्न ईच्छुक फर्म,कम्पनी तथा विज्ञापन

एजेन्जीहरुलाई यो सूचना प्रकाशन गरिएको हो । 'क' वर्गको राष्ट्रिय पत्रिकामा सूचना प्रकाशित गर्दा लाग्ने प्रति सि.सि.रकम भिन्दा भिन्दै उल्लेख गरी E-Bid मार्फत सिलबन्दी दरभाउ पत्र पेश गर्नुपर्नेछ ।

(१५) E-GP मार्फत 'क' वर्गको राष्ट्रिय दैनिकको भित्री पुष्टमा प्रकाशित हुने सूचना प्रति सि.सि. न्यूनतम दररेटमा प्रकाशित गर्न ईच्छुक फर्म,कम्पनी तथा विज्ञापन एजेन्जीहरुको दरभाउ पत्र स्वीकृत गरिनेछ ।

(१६) थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ०१-४७१००२८,०१-४७१०४३९ मा कार्यालय समय भित्र जानकारी लिन सकिनेछ

दक्षिणकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,फर्पिङ, काठमाडौं

यस कार्यालयबाट प्रकाशित हुने सार्वजनिक खरिद तथा बोलपत्र आह्वान गर्दाको प्रकाशित गरिने सूचनाहरु न्यूनतम दररेटमा 'क' वर्गको राष्ट्रिय स्तरको दैनिक पत्रिका(देशभर पुग्ने) मा प्रकाशित गर्नु पर्ने भएकोले उक्त कार्य गर्न चाहने फर्म,कम्पनी तथा विज्ञापन एजेन्जीहरुले भर्ने सिलबन्दी दरभाउपत्र फाराम ।

| क्र.सं. | ठेक्का नं. | राष्ट्रिय दैनिक पत्रिकाहरुको नाम | दर प्रति सि.सि.(CC) रु. | | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | कबोल रकम अंक)मू.अ.कर बाहेक( | कबोल रकम अक्षरमा ) (कर वाहेक.अ.मू | |
| | DM/SQ/Adv services/2081/082/02 | क.कान्तिपुर राष्ट्रिय दैनिक | | | |
| | | ख.नागरिक राष्ट्रिय दैनिक | | | |
| | | ग.अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक | | | |
| | | घ.राजधानी राष्ट्रिय दैनिक | | | |
| | | ङ.कारोबार राष्ट्रिय दैनिक | | | |
| | | च.नयाँ पत्रिका राष्ट्रिय दैनिक | | | |
| | | छ.अभियान राष्ट्रिय दैनिक | | | |
| | | जमध्यान्ह राष्ट्रिय दैनिक. | | | |
| | | झ हिमालय टाइम्स. राष्ट्रिय दैनिक | | | |
| | | | | | |

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड फर्पिङ्ग शाखामा रहेको धरौटी खाता नं.१२००१००३०३००००२ मा धरौटी/जमानत रकम रु.४५,०००/- जम्मा गरी संकलन बैंक भौचर/पत्र १(एक) प्रति संलग्न गरेको छु। ठेक्काको शर्तहरुबारे यस नगरपालिकाबाट मिति २०८२/०३/१८ गतेको प्रकाशित सूचनाका शर्तहरु मलाई पूर्ण जानकारी छ र सो शर्त पालना गर्न म पूर्ण मञ्जुर छु ।

<u>सिलबन्दी दरभाउपत्र दाता फर्म,कम्पनी तथा विज्ञपान एजेन्सीहरुको</u>

नाम -

स्थायी ठेगाना -

दस्तखत -

सम्पर्क नं.-

पान/भ्याट नं.-